राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com



विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४



वर्ष ७ अंक ३१० २०८३ जेठ २४ गते आईतवार (7 June 2026) पृष्ठ ४ मूल्य रू. ३।-


## मधेश प्रदेशमा मन्त्रालय घटाउने तयारी




दैनिक समाचारदाता

जनकपुरधाम, २३ जेठ। मधेश प्रदेश सरकारले मन्त्रालयको संख्या घटाउने तयारी थालेको छ।

भौगोलिक रूपमा सानो र आठ जिल्लामा सीमित प्रदेशमा मन्त्रालयको संख्या बढी भएको भन्दै प्रशासनिक खर्च घटाउने र मितव्ययिता कायम गर्ने उद्देश्यसहित मन्त्रालय पुनर्संरचनाको प्रक्रिया अघि बढाइएको हो।

हाल १२ वटा मन्त्रालय सञ्चालनमा रहेको मधेश प्रदेशमा अब संख्या घटाएर ९ वटामा सीमित गर्ने प्रारम्भिक तयारी गरिएको छ।

यसअघि गठबन्धनभित्रका दलहरूलाई व्यवस्थापन गर्दै सत्ता टिकाइ राख्न मन्त्रालयको संख्या क्रमशः बढाइएको भन्दै आलोचना हुँदै आएको थियो। त्यसको प्रत्यक्ष प्रभाव प्रशासनिक खर्च वृद्धि र संरचनागत असन्तुलनमा परेको टिप्पणी पनि हुँदै आएको छ।

प्रदेश सरकारका अनुसार नयाँ संरचनाले सरकारी खर्च घटाउने, सेवा प्रवाह प्रभावकारी बनाउने तथा प्रशासनिक कार्यलाई चुस्त बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ। मन्त्रालयहरूको कार्यक्षेत्र दोहोरोपन हटाउने र कार्यसम्पादन क्षमता बढाउने उद्देश्य पनि राखिएको छ।

*बाँकी पृष्ठ ४मा*

# दलित बालबालिकालाई निःशुल्क लोकसेवा तयारी गराइन्छ : मन्त्री दास




दैनिक समाचारदाता

जनकपुरधाम, २३ जेठ। मधेश प्रदेश सरकारका खेलकुद तथा समाज कल्याणमन्त्री लखन दास तत्माले आगामी बजेटमा दलित समुदायका बालबालिकाका लागि निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन गर्न बजेट विनियोजन गरिने बताएका छन्।

तत्मा बौद्धिक समाज धनुषा नेपालको मधेश प्रदेशस्तरीय प्रथम भेलालाई सम्बोधन गर्दै मन्त्री तत्माले आर्थिक रूपमा सबैभन्दा कमजोर अवस्था दलित समुदायको रहेको उल्लेख गर्दै समुदायको समृद्धिका लागि शिक्षा नै मुख्य आधार भएको बताए।

उनले दुई प्रकारको शिक्षा प्रणालीका कारण दलित समुदायका बालबालिका सबैभन्दा बढी प्रभावित हुने गरेको उल्लेख गर्दै समान अवसर सुनिश्चित गर्न एकीकृत शिक्षा प्रणाली लागू गर्नुपर्नेमा जोड दिए।

मन्त्री तत्माले विशेषगरी अति विपन्न दलित तथा मुस्लिम समुदायका लागि आवास, स्वास्थ्य, खानेपानी र शौचालय निर्माणसम्बन्धी विशेष कार्यक्रम अघि सारिएको जानकारी दिए।

"मधेश प्रदेशका १० हजारभन्दा बढी दलित तथा मुस्लिम परिवारलाई लक्षित गरी आवास तथा आधारभूत पूर्वाधार निर्माण कार्यक्रम सञ्चालन गरिनेछ," उनले भने।

युवा शक्तिलाई वैदेशिक रोजगारीतर्फ पलायन हुनबाट रोक्न सीपमूलक तालिम, व्यावसायिक दक्षता विकास तथा सहुलियतपूर्ण 'स्टार्टअप लोन' उपलब्ध गराउने मन्त्रालयको योजना रहेको पनि मन्त्री तत्माले बताए। उनका अनुसार महिला, दलित, पिछडिएका तथा आर्थिक रूपमा कमजोर समुदायलाई लक्षित गरी स्वरोजगारमूलक कार्यक्रमसमेत ल्याइनेछ।

उनले दलित, मुस्लिम तथा अति विपन्न परिवारका लागि पक्की आवास निर्माण, बालबालिकाको शिक्षा, स्वास्थ्य सेवा तथा खेलकुद क्षेत्रलाई समेटेर आकर्षक योजनाहरू आगामी बजेटमा समावेश गरिएको बताए। आवश्यक सरकारी प्रक्रिया पूरा गरी बजेट भाषणपछि ती कार्यक्रमको कार्यान्वयन प्रक्रिया तत्काल सुरु गरिने उनको भनाइ थियो।

तत्मा बौद्धिक समाज धनुषाका अध्यक्ष रामबाबु दासको अध्यक्षतामा सम्पन्न भेलामा मधेश प्रदेशका आठवटै जिल्लाबाट तत्मा समुदायका अगुवाहरूको सहभागिता रहेको थियो।कार्यक्रमलाई विदेह नगरपालिकाका मेयर बेचन दास, दलित अगुवा राजकुमार दासलगायत भारतबाट आएका विभिन्न सामाजिक तथा राजनीतिक क्षेत्रका प्रतिनिधिहरूले समेत सम्बोधन गरेका थिए।

## दलित अधिकारको कार्यान्वयनमा जोड




दैनिक समाचारदाता

जनकपुरधाम, २३ जेठ। राष्ट्रिय दलित विकास समितिका उपाध्यक्ष जितेन्द्र पासमानले दलित समुदायका समस्या र गुनासा सुन्दा उनीहरूको जीवन पीडा, विभेद र वञ्चनाले भरिएको अनुभूति भएको बताएका छन्। उनले ती समस्याको समाधानका लागि समिति प्रतिबद्धतापूर्वक काम गर्ने विश्वास दिलाएका छन्।

शनिबार सिरहाको मिर्चैयामा दलित विकास समितिले आयोजना गरेको 'दलित अगुवा भेला गोष्ठी'लाई सम्बोधन गर्दै उपाध्यक्ष पासमानले दलित समुदायले शिक्षा, स्वास्थ्य र रोजगारीका चुनौतीसँगै हिंसा, शोषण, दमन तथा सामाजिक विभेदका गम्भीर समस्याहरू भोगिरहेको बताए।

उनले मधेश प्रदेश सरकारले दलित समुदायको अधिकार संरक्षण, क्षमता विकास तथा समग्र उत्थानका लागि दलित विकास समिति गठन गरेको उल्लेख गर्दै समितिले आफ्नो उद्देश्यअनुसार प्रभावकारी ढंगले काम गर्ने प्रतिबद्धता व्यक्त गरे।

गोष्ठीमा सिरहा र सप्तरीका दलित अगुवा तथा अधिकारकर्मीहरूले समुदायले भोग्दै आएका समस्या, विभेद र राज्यबाट अपेक्षित सेवासम्बन्धी गुनासाहरू प्रस्तुत गरेका थिए। सहभागीहरूले दलित समुदायका सवालमा राज्यका निकायहरू अझ जिम्मेवार र उत्तरदायी बन्नुपर्ने आवश्यकता औंल्याएका थिए।

दलित अधिकार अभियन्ता शान्ति पासमानले लामो संघर्ष र दबाबपछि दलित विकास समिति गठन हुन सकेको उल्लेख गर्दै यसलाई थप सशक्त बनाउनु आवश्यक रहेको बताइन्। उनले

*बाँकी पृष्ठ ४मा*

## भिठ्ठामोड-जनकपुर सडकमा डोजर अभियान



दैनिक समाचारदाता

जनकपुरधाम, २३ जेठ। भिठ्ठामोड-जनकपुरधाम सडकखण्डमा सडक अधिकार क्षेत्रभित्र पर्ने अतिक्रमित जमिन खाली गराउने अभियान तीव्र पारिएको छ।


लामो समयदेखि सडक सीमाभित्र अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउन सम्बन्धित निकायले डोजर परिचालन गरेको हो।

सडक विस्तार तथा यातायात सहज बनाउनका लागि सडक छेउमा बनेका अवैध संरचना र


*बाँकी पृष्ठ ४मा*


अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,

Phone :9861147201

नैना होस्पिटल प्रा.लि.

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,

Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# वातावरण संरक्षणमा साझा जिम्मेवारी

विश्व वातावरण दिवसका अवसरमा जनकपुरधाममा आयोजित वातावरण अधिकारसम्बन्धी अन्तरक्रिया कार्यक्रममा उठाइएका विषयहरूले मधेश प्रदेश मात्र होइन, समग्र देशका लागि गम्भीर सन्देश दिएका छन्। वातावरणीय संकट दिनप्रतिदिन गहिरिँदै गइरहेको अवस्थामा यसको समाधानका लागि सरकार, नागरिक समाज, निजी क्षेत्र र आम नागरिक सबैको साझा प्रयास आवश्यक रहेको तथ्य पुनः उजागर भएको छ।

मधेश प्रदेशका वन तथा वातावरण मन्त्री शंकर प्रसाद चौधरीले चुरे क्षेत्र तथा वनजंगलको संरक्षणलाई वातावरण जोगाउने आधारभूत शर्तका रूपमा प्रस्तुत गरेका छन्। वास्तवमा चुरे केवल भू-भाग मात्र होइन, तराई-मधेशको जलस्रोत, जैविक विविधता र पर्यावरणीय सन्तुलनको मुख्य आधार हो। चुरेको विनाशले बाढी, डुबान, खडेरी तथा भू-क्षयजस्ता समस्या थप जटिल बनाएको छ। त्यसैले चुरे संरक्षणलाई राजनीतिक नाराभन्दा माथि उठाएर व्यवहारिक कार्ययोजनासहित अघि बढाउन आवश्यक छ।

वातावरण संरक्षणका नाममा वर्षेनी लाखौं बिरुवा रोपिए पनि तिनको संरक्षण र व्यवस्थापनमा पर्याप्त ध्यान नदिइँदा अपेक्षित परिणाम प्राप्त हुन सकेको छैन। मन्त्री चौधरीले वृक्षारोपणसँगै यसको दीर्घकालीन संरक्षणमा जोड दिनु सकारात्मक संकेत हो। वातावरण जोगाउने अभियान केवल बिरुवा रोप्ने कार्यक्रमसम्म सीमित हुनु हुँदैन; यसलाई जीवनशैली, नीति र विकासको अभिन्न अंग बनाइनुपर्छ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधिले उठाएको अर्को महत्वपूर्ण प्रश्न भनेको तीनै तहका सरकारको जिम्मेवारी हो। स्थानीय तहहरू अझै प्रभावकारी फोहोर व्यवस्थापन गर्न असफल देखिएका छन्। प्लास्टिकजन्य वस्तुको अनियन्त्रित प्रयोग, नदी-नाला तथा सार्वजनिक स्थानमा फोहोर फाल्ने प्रवृत्ति, वातावरणमैत्री बजेटको अभाव र विकास योजनामा वातावरणीय प्रभाव मूल्याङ्कनलाई बेवास्ता गर्ने अभ्यासले समस्या झन् गम्भीर बनाएको छ। वातावरणीय अधिकारलाई मानव अधिकारकै एक महत्वपूर्ण पाटोका रूपमा स्वीकार गर्दै राज्यले यसलाई प्राथमिकतामा राख्नुपर्छ।

मधेश प्रदेश जलवायु परिवर्तनको असरबाट सबैभन्दा बढी प्रभावित क्षेत्रमध्ये एक हो। अत्यधिक गर्मी, अनियमित वर्षा, सुख्खा, बाढी तथा विभिन्न रोगहरूको बढ्दो जोखिमले जनजीवन प्रभावित बनाइरहेको छ। यस्ता चुनौतीहरू सामना गर्न दीर्घकालीन योजना, वैज्ञानिक अध्ययन तथा स्थानीय समुदायको सक्रिय सहभागिता अपरिहार्य छ।

कार्यक्रममा युवाहरूले प्रदेश सरकारलाई बुझाएको साझा मागपत्रले पनि विकास र वातावरणबीचको सम्बन्धलाई स्पष्ट रूपमा उजागर गरेको छ। कृषि, पूर्वाधार, युवा सहभागिता, खेलकुद, डिजिटल सुरक्षा तथा वातावरणीय संरक्षणका विषयहरू एकअर्कासँग जोडिएका छन्। दिगो विकासको लक्ष्य हासिल गर्न वातावरणीय सन्तुलनलाई केन्द्रमा राखेर नीति निर्माण गर्नु आजको आवश्यकता हो।

वातावरण संरक्षण कुनै एक मन्त्रालय, संस्था वा अभियानको जिम्मेवारी मात्र होइन। यो वर्तमान पुस्ताको कर्तव्य र भावी पुस्ताप्रतिको दायित्व पनि हो। विश्व वातावरण दिवसले हामीलाई यही सन्देश दिन्छ–प्रकृतिको संरक्षण बिना समृद्धि सम्भव छैन। त्यसैले नीति, कार्यक्रम र व्यवहारमा वातावरणमैत्री सोचलाई स्थापित गर्दै हरित र सुरक्षित भविष्य निर्माणतर्फ सबै पक्ष एकजुट हुनुपर्ने बेला आएको छ।

# नेपालमा सिभिक सेन्स छैन रे !



श्रद्धा उपाध्याय

झरी परिरहेको दिउँसो म र मेरो दाइ राजनीति बारे कुरा गर्दैथियौं। राष्ट्रपति सरकारले ल्याएको नीति तथा कार्यक्रम पढिरहनुभएको बेला प्रधानमन्त्री हिंडेको दृश्य मलाई अझै पचेको थिएन।

मेरो दाइ अलि व्यवस्थाप्रेमी मान्छे हुनुहुन्छ। सानैदेखि त्यस्तै। अनुशासन उहाँलाई मन पर्छ, अझ त्यो अनुशासन लागू गर्न पाए झन् रमाउनुहुन्छ।

मलाई त्यो घटना असभ्य लाग्यो। राष्ट्रपति भनेको आखिर मेरो पनि राष्ट्रपति हो। कुर्सीमा को बसेको छ भन्नेभन्दा पनि त्यो कुर्सीले प्रतिनिधित्व गर्ने संस्थाको सम्मानको कुरा हो भन्ने लाग्थ्यो।

दाइ सहमत हुनुभएन। 'ठीक छ, मानें व्यवहार राम्रो भएन' उहाँले भन्नुभयो, 'तर पदमा बसेकै भरमा कसैलाई किन सम्मान गर्ने? मान्छे महत्वपूर्ण कि पद? तिमी आफैं भन त, त्यो पद बाहेक अरू केही नसोच्ने राष्ट्रपतिलाई तिमी सम्मान गर्न सक्छ्यौ?'

उहाँले भन्न खोजेको कुरा मैले बुझेकी थिएँ। किनभने केही वर्ष अगाडि मात्रसम्म पनि म त्यही सोच्थें।

'तर दाइ, व्यक्ति मन नपर्न सक्छ। विचार मन नपर्न सक्छ। राजनीतिसँग असहमति हुन सकिन्छ। संस्था व्यक्तिभन्दा ठूलो हुन सकेन भने त प्रणाली टिक्दैन नि त!' मैले भनें।

दाइ हाँस्नुभयो। 'प्रणाली? नेपालमा? नेपालीलाई त सामान्य सिभिक सेन्स पनि छैन!'

आहा! राष्ट्रिय रोगको आधिकारिक निदान।

नेपालमा जे समस्या भए पनि अन्तिम निष्कर्ष यही हुन्छ, नेपालीलाई सिभिक सेन्स छैन।

ट्राफिक हेर्‍यो, सिभिक सेन्स छैन।

लाइन बिग्रियो, सिभिक सेन्स छैन।

हर्न बज्यो, सिभिक सेन्स छैन।

कसैले बाटोमा फोहोर फाल्यो, सिभिक सेन्स छैन।

मैले यो यति धेरै सुनिसकें कि अब यो वाक्य तथ्यभन्दा पनि मन्त्र जस्तो भइसकेको छ। प्रश्नै नगरी दोहोर्‍याइने मन्त्र।

विशेषगरी शहरिया मध्यमवर्ग र आफूलाई निकै 'सभ्य' ठान्ने जमातमा त नेपाल सिभिक सेन्सविहीन राष्ट्र हो भन्ने निष्कर्ष लगभग स्थापित भइसकेको छ र अझ, हामीले सभ्यताको परिभाषा कतै पश्चिममा लेखिएको हुन्छ, हामी त्यसको नक्कल गर्दै हिंड्ने विद्यार्थी हौं, र त्यसमा सधैं पछि परिरहेका छौं भन्ने कुरा लगभग स्वीकार गरिसकेका छौं।

तर यी सबैका बीच मेरो एउटा प्रश्न– यो सिभिक सेन्सको परिभाषा कसले बनायो? सभ्यता भनेको साँच्चै लाइनमा उभिन सक्नु मात्र हो?

यदि त्यही मापदण्ड हो भने, स्विट्जरल्यान्ड, जर्मनी वा जापान हामीभन्दा धेरै अगाडि छन्। रेल समयमै आउँछ। सडक व्यवस्थित छन्। सार्वजनिक ठाउँहरू शान्त छन्। कसैले अनावश्यक प्रश्न गर्दैनन्। छोराछोरी चाँडै घर छोड्छन्। आमाबाबुले हस्तक्षेप गर्दैनन्। छिमेकीले आफ्नो काम गर्छन्। सबै कुरा मिलेको देखिन्छ। तर भावनात्मक दूरीले आफूलाई सभ्यताको खोल ओढाएर अत्यन्त सभ्य समाजको सूचकचाहिं कसरी बनायो ?

जापानमा 'कोदोखुशी' भन्ने शब्द छ। नेपालीमा त्यसको ठ्याक्कै समानार्थी शब्द छैन। यसले एक्लै बस्ने मानिसको मृत्यु भएको कैयौं दिन, कहिलेकाहीं हप्तौंसम्म कसैलाई थाहा नहुने अवस्थालाई जनाउँछ।

अनि बेलायतको प्रसङ्ग छ, जहाँ एक्लोपन यति ठूलो सामाजिक तथा सार्वजनिक स्वास्थ्य समस्याको रूपमा देखा पर्‍यो कि त्यसका लागि सरकारले छुट्टै मन्त्री नै नियुक्त गर्नुपर्‍यो।

अमेरिका र अस्ट्रेलियामा लाखौं वृद्धवृद्धा केयर होममा बस्छन्। सन्तान कहिलेकाहीं बिदाको बेला भेट्न आउँछन्। किनकि आधुनिक जीवनले परस्पर निर्भरताका लागि धेरै ठाउँ छाडेको छैन।

यी समस्या बिग्रिएका सडक, अस्तव्यस्त ट्राफिक वा नमिलेका लाइनहरू भन्दा कैयौं गुणा विकराल छन्। यी त मानव सम्बन्धमा परेका चिरा हुन्, जसले मानिसहरू सम्बन्धहरूको बीचमा भएर पनि कति एक्लो हुन सक्छन् भन्ने तस्वीर देखाउँछन्। तर अझै पनि यिनै समाजहरूलाई हामी सभ्यताको अन्तिम नमूना मानेर हेरिरहेका हुन्छौं। किनकि उनीहरू लाइन राम्रोसँग बस्छन् !

पूर्वी युरोप, सिंगापुर र यस्तै विकसित भनिने देशहरू घुम्दा मैले एउटा कुरा भने सिकें त्यहाँ दक्षता (इफिसियन्सी) लाई असाध्यै उच्च प्राथमिकता दिइँदो रहेछ। व्यक्तिगत गोपनीयता (प्राइभेसी) लाई पनि। सबै कुरा व्यवस्थित, छरितो र नियमबद्ध। तर सहानुभूति भने कताकता अलि टाढै छोडिएको जस्तो लाग्यो। वैकल्पिक जस्तो। तर नेपालमा मैले अर्कै कुरा देखेकी छु।

एकपटक कामको सिलसिलामा पर्सा पुगेकी थिएँ। एउटा रुखमुनि चार जना महिला गफ गरिरहेका थिए। म पनि गएर बसें। कुराकानी शुरु भयो छोराछोरी, घरव्यवहार, खेतीपाती, जीवन विषयमा। कुराकानी गर्दागर्दै कहिले म उहाँहरूमध्ये एक जनाको काखमा टाउको राखेर सुस्ताएँ, कहिले उहाँले मेरो कपाल सुम्सुम्याउनुभयो, मलाई पत्तै भएन। अपरिचितहरू बीच पनि आत्मीयता उम्रिन सक्ने यस्तो क्षण शायद नेपालले मात्र सम्भव बनाउँछ र शायद हामीले आफ्नै समाजबारे नबुझेको कुरा यही हो।

हामी प्रश्न सोध्छौं। चासो राख्छौं। कहिलेकाहीं हस्तक्षेप गर्न पनि पछि पर्दैनौं। कहिलेकाहीं आवश्यकताभन्दा धेरै पनि। हो, हामीमध्ये केहीलाई एकपटक सहयोग गरेर त्यसका कथा अर्को दश वर्षसम्म सुनाइरहन मन लाग्छ।

यी सबै कमजोरीका बावजुद पनि मलाई यस्तै समाज प्रिय लाग्छ। कम्तीमा यहाँ मानिसहरूले सहयोग गरेको बढाइँचढाइ त गर्छन् तर एकअर्कालाई पूर्ण रूपमा बेवास्ता गर्दैनन्।

हाम्रो समाजमा कसैलाई दुःख पर्दा त्यो दुःखसँग आफ्नो पनि केही सम्बन्ध छ भन्ने चेत अझै जीवित छ। र शायद त्यही सिभिक सेन्सको अझ विकसित रूप हो– लाइन बस्ने, ट्राफिक बत्ती मान्ने वा फोहोर डस्टबिनमा फाल्नेभन्दा धेरै माथिको। परस्पर निर्भरता बोधको। हामी एकअर्कालाई छलेर, टारेर, बेवास्ता गरेर बाँचेका पृथक् जीव होइनौं भन्ने बुझाइको।

हो, सार्वजनिक अनुशासन आवश्यक छ। फोहोर डस्टबिनमै फाल्नुपर्छ। लाइनमा आफ्नो पालो कुर्नुपर्छ। ट्राफिक नियम पालना गर्नुपर्छ। तर सिभिक सेन्सलाई त्यतिमै सीमित गरिदिनु अन्याय हो। किनभने सभ्यता शान्ति, दूरी र व्यवस्थित लाइनबाट नापिँदैन।

सिभिक सेन्सको अझ विकसित रूप समाजले आफ्ना वृद्धवृद्धालाई कसरी हेर्छ, उनीहरूको जिम्मेवारी कसरी बहन गर्छ, र उनीहरूलाई कति साथ दिन्छ भन्ने कुरामा पनि देखिन्छ।

छिमेकीले कसैलाई धेरै दिन नदेख्दा खोजखबर गर्छ कि गर्दैन?, अझै 'खाना खानुभयो?' भन्ने प्रश्न बाँकी छ कि छैन?, बस र टेम्पोमा अझै 'घर कहाँ हो?' भनेर गफ शुरु हुन्छ कि हुँदैन? मलाई लाग्छ, सभ्यता त्यहाँ पनि देखिन्छ।

हामीसँग सार्वजनिक अनुशासनको कमी हुन सक्छ। तर आधुनिक दुनियाँले सिभिक सेन्सको परिभाषालाई यति धेरै व्यावहारिक दक्षतामा सीमित गरिदिएको छ कि सभ्यताको उद्देश्य अरू पनि केही हुन सक्छ भन्ने कुरा हामीले बिर्सिन थालेका छौं।

यदि समाजसँग भावनात्मक सम्बन्ध तोड्दै, चुपचाप लाइनमा उभिनु नै विकासको अन्तिम खुड्किलो हो भने, शायद हामी साँच्चै अविकसित नै हौं। तर लाइन र प्रणालीलाई पूर्णता दिएको भन्दै, एक्लोपन, भावनात्मक विच्छेद र आफ्नै समाजले बुझ्न संघर्ष गरिरहेको हिंसालाई सामान्य बनाएका समाजबाट सभ्यताको पाठ सिक्न म भने अलि हच्किन्छु। साभारः अनलाइनखबरडटकम

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : विहान तनाव, दौडधुप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : विहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : विहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : विहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# आवश्यक टेलिफोन नम्बरहरू

## एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

## प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

## अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

## महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# क्यान्सर औषधि अभावले बिरामी संकटमा

क्यान्सर रोगको उपचारमा प्रयोग हुने केही औषधिहरूको अभावको समस्या समाधान गर्न तत्काल र दीर्घकालमा अपनाउन सकिने उपायबारे निरन्तर छलफल गरिरहेको स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले जनाएको छ।



अस्पतालमा जाने बिरामीहरूदेखि उपचारमा खटिने चिकित्सक र क्यान्सरको क्षेत्रमा काम गर्ने संस्थाहरूले समेत अहिले बजारमा औषधि नपाइने समस्या झन्झन् गहिरिँदै गएको बताइरहेका छन्।

सरकारले ११ वर्षअघि निर्धारण गरेको मूल्य कायमै रहेको र पछिल्लो समय औषधिको मूल्य बढेका कारण आपूर्ति गर्न नसकिएको व्यवसायीहरूले बताउँदै आएका छन्।

सरकारले २०७२ साल जेठ २१ गतेको निर्णयअनुसार अहिले अभाव भएका औषधिहरूको मूल्य निर्धारण गरेको थियो।

अहिले अभाव भएको कार्बोप्लाटिन ४५० एमजीको त्यति बेला ४,१३०.७७ रुपैयाँ, सिस्प्लाटिन ५० एमजीको ५३२.२१ रुपैयाँ र अक्सालिप्लाटिन ५० एमजीको ४,०३५.८६ रुपैयाँ मूल्य निर्धारण गरिएको थियो।

त्यसयता औषधिका लागि प्रयोग हुने प्लाटिनमलगायतका कच्चा पदार्थको मूल्य निकै बढेको तर मूल्य समायोजन नहुँदा आफूहरूले ल्याउन नसक्ने अवस्था आएको गुनासो आपूर्तिकर्ताहरूले गर्ने गरेका छन्।

***बढ्दो समस्या***



वीर अस्पतालमा कार्यरत वरिष्ठ क्यान्सर विशेषज्ञ प्राध्यापक डाक्टर सन्ध्या चापागाईंले बिरामीहरूले क्यान्सरको उपचारमा प्रयोग हुने औषधिको अभाव झेल्न थालेको करिब डेढ महिनाभन्दा बढी हुन थालिसकेको बताइन्।

उनका अनुसार मुख्य समस्या अहिले कार्बोप्लाटिन, सिस्प्लाटिन र अक्सालिप्लाटिनजस्ता औषधिको अभावका कारण भएको हो, जुन निको हुने क्यान्सरमा प्रयोग हुन्छ।

“पाठेघरको मुखको क्यान्सर, टाउको र घाँटीका सबैखाले क्यान्सर, फोक्सोको क्यान्सर अनि जर्म सेल क्यान्सरको उपचारमा प्रयोग हुने यी एकदमै महत्त्वपूर्ण र जरुरी औषधिहरू हुन्,“ डाक्टर चापागाईंले भनिन्।

“निको हुन सक्ने क्यान्सरको उपचार औषधि अभावका कारण गर्न नपाउँदा बिरामीलाई कस्तो हुँदो हो, हामीलाई कस्तो हुँदो हो? मान्छेलाई एकदमै भोक लागेको छ खानेकुरा खानुपर्छ भन्ने थाहा छ, तर 'तिमी पानी खाऊ' भनेजस्तो भएको छ।“

उपचारमा आवश्यक औषधि खोज्न बिरामीका आफन्त विभिन्न औषधि पसलहरू धाउने गरेको र विभिन्न पसलमा धाइरहँदा पनि पछिल्ला दिनमा पाउने अवस्था खुम्चिँदै गएको उनी बताउँछिन्।

क्यान्सर बिरामीहरूको हितमा काम गर्ने संस्था नेपाल अर्बुद रोग निवारण संस्थाले पनि पछिल्ला दिनमा आफ्नो कार्यालयमा सहायताको याचना गर्दै आउने क्यान्सर बिरामीका आफन्तको सङ्ख्या ह्वात्तै बढेको जनाएको छ।

खास गरी बिरामीहरूले नेपालमा औषधि अभाव भएर उपचारमा समस्या भएको भन्दै भारत उपचारका लागि लैजाने बताउने गरेको उक्त संस्थाका महासचिव दीपेन्द्र बान्तवाले बताए।

“क्यान्सरका बिरामीका आफन्तले हामीलाई हारगुहार गरिरहनुभएको छ। तर हामी आफैं निरीह भएर बस्नु परिरहेको छ,“ उनले भने।

“सरकारले यसमा कुनै पहल पनि गरेको देखिँदैन। बिरामीहरू हाम्रोमा आउनुहुन्छ अनि भारत जानुपर्‍यो, टिकट छुटमा मिलाइदिनुपर्‍यो भन्नुहुन्छ।“

***समाधानको खोजी***

औषधि बनाउन आवश्यक पर्ने कच्चा पदार्थको मूल्य बढ्दा औषधिको मूल्य बढेका कारण सरकारले समयसापेक्ष मूल्य समायोजन गरिदिनु नै उत्तम विकल्प हुने डाक्टर चापागाईं ठान्छिन्।

त्यस विषयमा मन्त्रालयमा पनि गुनासाहरू आएका कारण विभिन्न सरोकारवाला पक्षसँग दैनिकजसो आफूहरू समस्या समाधानका लागि छलफलमा खटेको स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले जनाएको छ।

“कच्चा पदार्थको मूल्य बढेको, नेपालमा तोकिएको न्यूनतम जुन मूल्य छ, त्यसमा बजारमा औषधि ल्याउन नसकिएको भन्ने व्यवसायीको कुरा छ, अनि नेपाल र विदेशी मुद्राको सटही दरमा आएको परिवर्तन भन्ने छन्,“ मन्त्रालयका सहप्रवक्ता डाक्टर समीरकुमार अधिकारीले भने।

“यी सबै पक्षलाई हेरेर हामीले तोकेको मूल्यको कारणले मात्रै हो वा अन्य कारण पनि छन् र सर्वसाधारणलाई कसरी सहज रूपमा सेवा दिन सकिन्छ भनेर हामीले औषधि व्यवस्था विभाग र विभिन्न निकायसँग विभिन्न विकल्पबारे छलफल गरिरहेका छौँ।“

यसअघि पनि औषधि अभावको विषय उठेपछि मन्त्रालयले व्यवसायीहरूसँग अनुरोध गरेर कम नाफा राखेर उपलब्ध गराइदिन अनुरोध गरेको बताएको थियो। तर त्यसरी लामो समय आफूहरूले गर्न नसक्ने भन्दै आपूर्तिकर्ताले भनेपछि अहिले पुनः औषधि अभाव भएको बताइन्छ।

त्यसै कारणले बिरामीलाई सहजै औषधि उपलब्ध हुने वातावरण बनाउन मन्त्रालयले क्यान्सरका क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग आउन सक्ने सहयोगबारे छलफल गरिरहेको सहप्रवक्ता अधिकारीले बताए।

“मित्रराष्ट्रहरूसँग पनि औषधिहरूको मूल्यको कुरालाई लिएर नेपाली बजारलाई सहजीकरण गर्ने कुरा पनि भएका छन्,“ उनले भने।

“तर एउटा मात्रै निर्णय वा एउटा मात्रै विकल्पको निष्कर्षका रूपमा अगाडि बढ्दा दीर्घकालीन हुँदैन कि भन्नेमा अलि सजग भएर काम गर्दै छ।“ नेपालमा क्यान्सरका औषधि खास गरी भारत र त्यसपछि बाङ्गलादेशबाट आयात हुने गरेको अधिकारीहरू बताउँछन्।

साभार: बीबीसी/नेपाली

# इरानसँग '२२ प्रतिशत' मिसाइल बाँकी रहेको ट्रम्पको दाबी

वासिङ्टन डीसी २३ जेठ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार इरानसँग अझै पनि करिब '२२ प्रतिशत' क्षेप्यास्त्र बाँकी रहेको बताएका छन्। एनबीसी न्यूजको 'मिट द प्रेस'लाई दिएको अन्तर्वार्तामा राष्ट्रपति ट्रम्पले अमेरिकाले इरानको सैन्य क्षमतालाई पूर्ण रुपमा नष्ट गरेको बताएका हुन्।



उनले भने, 'तेहरानसँग अब आफ्नो पुरानो मिसाइल क्षमताको २१ देखि २२ प्रतिशत मात्र बाँकी छ।”

इरानसँग बाँकी रहेको क्षेप्यास्त्र भण्डारको यो अनुमान मे महिनामा ट्रम्पले दिएको १८ प्रतिशतभन्दा बढी हो। यसअघि, उनले इरानको युद्ध क्षमतालाई पूर्ण रूपमा नष्ट गरेको दाबी गर्दै आएका थिए।

यसैबिच इरानी सेनाले शुक्रबार ओमानको खाडीमा रहेका दुई अमेरिकी युद्धक जहाजमा 'चेतावनीका लागि क्षेप्यास्त्र' प्रहार गरेको बताएको छ। दुई दिनअघि कुवेतले इरानको जघन्य आक्रमणको एक हिस्साका रूपमा प्रहार गरिएका ३० वटा ब्यालेस्टिक क्षेप्यास्त्र निस्क्रिय पारिएको बताएको थियो। दुई देशबिच चेतावनी र हिंसाले भड्किएको हप्तौँदेखिको जटिल वार्ताले युद्ध अन्त्य गर्ने सम्झौता गर्न असफल भएको छ।

अर्को एक प्रसङ्गमा राष्ट्रपति ट्रम्पले 'इरानसँग सम्झौतामा पुग्नुबाहेक अर्को विकल्प नभएको' पनि बताएका छन्।

उनले भने, 'तिनीहरू बलियो छन र घमण्ड पनि गर्छन् किनकि त्यहाँ अझै चीज (हतियार)हरू छन्। उनीहरू आफैले इरानसँग त्यो पैमानामा हतियार छन् भन्ने कहिल्यै सोचेका थिएनन्।'

तर, ट्रम्पको यो दाबी अमेरिकी गुप्तचर निकायको रिपोर्टसँग मेल खाँदैन। न्यूयोर्क टाइम्सको एक प्रतिवेदन अनुसार गत महिना अमेरिकी सांसदहरूलाई दिइएको एक जानकारीमा इरानले 'स्ट्रेट अफ हर्मुज' नजिकै रहेका आफ्ना ३३ क्षेप्यास्त्र स्थानमध्ये ३० भन्दा बढी 'अपरेशनल कन्ट्रोल'लाई पुनः स्थापित गरेको जानकारी दिइएको थियो। इरानसँग अझै पनि युद्धपूर्वको तुलनामा ७० प्रतिशत क्षेप्यास्त्र भण्डार रहेको प्रतिवेदनमा उल्लेख गरिएको थियो।रासस


## गर्मीबाट बचौं, स्वास्थ्य जोगाऔं !

### अत्यधिक गर्मीमा सावधानी अपनाऔं

तातो मौसममा लापरवाहीले चक्कर आउने, बेहोस हुने, डिहाइड्रेसन, हीट एक्सहस्टन र हीट स्ट्रोकजस्ता समस्या हुन सक्छन्। विशेष गरी बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला र दीर्घरोगीहरू बढी जोखिममा हुन्छन्।

*प्रशस्त पानी पिउनुहोस्*

तिर्खा नलागे पनि पटक-पटक पानी, जुस, झोलिलो खाना वा ओआरएस सेवन गर्नुहोस्। अत्यधिक चिनी वा मदिरायुक्त पेयबाट टाढा रहनुहोस्।

*हल्का कपडा लगाउनुहोस्*

सूती तथा हल्का रङका कपडा, टोपी वा छाता प्रयोग गर्नुहोस्।

*घाममा कम निस्कनुहोस्*

विशेषगरी दिउँसो ११ बजेदेखि ४ बजेसम्मको कडा घामबाट जोगिनुहोस्। आवश्यक परे छायाँमा विश्राम लिनुहोस्।

*पौष्टिक र झोलिलो खाना खानुहोस्*

फलफूल, सागसब्जी, दही, जाउलो, सातुजस्ता हल्का तथा पोषिलो खाना उपयोगी हुन्छन्।

*घर र कार्यस्थल चिसो राख्नुहोस्*

झ्याल-ढोका खोलेर हावा चल्ने व्यवस्था गर्नुहोस्, पर्दा प्रयोग गर्नुहोस् र सम्भव भए पंखा वा कुलरको सुरक्षित प्रयोग गर्नुहोस्।

*यी लक्षण देखिए तुरुन्त सावधानी अपनाउनुहोस्*

अत्यधिक पसिना आउने, कमजोरी, चक्कर लाग्ने, टाउको दुख्ने, वाकवाकी लाग्ने, शरीर धेरै तातो हुने वा बेहोस हुने। यस्तो भए व्यक्तिलाई चिसो स्थानमा सार्नुहोस्, पानी पिलाउनुहोस् र आवश्यक परे स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस्।

*सावधानी अपनाऔं, गर्मीबाट सुरक्षित रहौं।*

स्वस्थ नागरिक, सुरक्षित समाज

**हाँसपुर गरपालिकाको कार्यालय**

धनुषा, मधेश प्रदेश



विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-

Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# जफत ५०० मोबाइल नष्ट, अभिभावक असन्तुष्ट

दैनिक समाचारदाता

सिरहा, २३ जेठ। गत चैतमा सम्पन्न माध्यमिक शिक्षा परीक्षा (एसईई) तथा वैशाखमा सम्पन्न कक्षा १२ को परीक्षाका क्रममा सिरहाका विभिन्न परीक्षा केन्द्रबाट जफत गरिएका करिब पाँच सय थान मोबाइल फोन नष्ट गरिएपछि अभिभावकहरूले ती फोनमा सुरक्षित रहेका महत्त्वपूर्ण कागजात, फोटो तथा सम्पर्क विवरण समेत गुमाउनुपरेको भन्दै असन्तुष्टि जनाएका छन्।



अभिभावकहरूले परीक्षा सम्पन्न भएपछि मोबाइल फिर्ता गरिदिन वा कम्तीमा नष्ट नगर्न पटक पटक आग्रह गरे पनि प्रशासन र शिक्षा विकास तथा समन्वय इकाइले सुनुवाइ नगरेको आरोप लगाएका छन्।

उनीहरूको भनाइमा परीक्षा हलमा मोबाइल लैजान नपाउने कडा व्यवस्था मिलाइएको भए समस्या नै उत्पन्न हुने थिएन। तर, मोबाइल जफत गरेर सिधै नष्ट गर्नु गैरजिम्मेवार निर्णय हो।

गोलबजारका अभिभावक तारकेश्वर यादवले मोबाइलमा सुरक्षित रहेको आफ्ना भान्जाको जन्मदर्ताको फोटो तथा पारिवारिक सम्झनासँग जोडिएका तस्बिरहरू समेत नष्ट भएको बताए।

'मूल कागजात हराएपछि मोबाइलमा राखिएको जन्मदर्ताको फोटो नै आधार थियो। अहिले पुनः कागजात बनाउन झन्झट बेहोर्नुपरेको छ,' उनले भने। उनले विद्यालय प्रशासन र जिल्ला प्रशासन कार्यालयमा पुगेर मोबाइल फिर्ताको पहल गर्न खोजे पनि कुनै सुनुवाइ नभएको गुनासो गरे।

मोबाइल जफत भएकी एक विद्यार्थीले परीक्षा अवधिमा आफू मानसिक तनावमा परेको बताइन्। 'मोबाइलमा आफन्तका धेरै नम्बर थिए। घरमा के हुन्छ भन्ने चिन्ता लाग्यो। केही दिन निकै तनाव भयो,' उनले भनिन्।

अर्का एक अभिभावकले परीक्षा हलमा चिटचोरी नगरेका विद्यार्थीहरूको मोबाइल समेत जफत गरी नष्ट गरिएको भन्दै आपत्ति जनाए। 'गल्ती गरेको भए कारबाही स्वीकार्य हुन्थ्यो। तर, मोबाइल साथमा भएकै कारण फोन नष्ट गर्नु उचित होइन,' उनले भने। उनका अनुसार मोबाइलमा रहेका परिवारका फोटो र भिडियोहरू पनि सँगै नष्ट भएका छन्।

यस विषयमा लहान नगरपालिकाका प्रमुख महेश प्रसाद चौधरीले केही अभिभावकहरूले आफूलाई भेटेर मोबाइल फिर्ता गराउन पहल गरिदिन आग्रह गरेको जानकारी दिए। उनले भने, 'मोबाइल जफत गर्ने वा नष्ट गर्ने विषय परीक्षा व्यवस्थापनसँग सम्बन्धित निर्णय हो। स्थानीय तहले प्रत्यक्ष रूपमा निर्णय गर्ने विषय होइन।'

शिक्षक महासंघका पूर्वअध्यक्ष बाबुराम थापाले परीक्षा केन्द्रभित्र मोबाइल लैजान नपाइने नियम स्वभाविक भए पनि जफत गरिएका मोबाइल नष्ट गर्नु कठोर र असान्दर्भिक कदम भएको टिप्पणी गरे। उनका अनुसार परीक्षा अनुशासन कायम गर्न अन्य वैकल्पिक उपाय अपनाउन सकिने अवस्था थियो।

शिक्षा विकास तथा समन्वय इकाइ सिरहाका अनुसार गत वर्षको एसईई परीक्षामा जिल्लाबाट ११ हजार ३७ विद्यार्थी सहभागी भएका थिए। तीमध्ये साधारणतर्फ १० हजार ६२५ र प्राविधिक धारतर्फ ४१२ विद्यार्थी रहेका थिए। इकाइका सूचना अधिकारी पुष्कर गैरपिप्लीका अनुसार नियमिततर्फ ६५.४४ प्रतिशत विद्यार्थी ग्रेडेड भएका थिए।

मोबाइल नष्ट गर्ने निर्णयपछि अभिभावक र विद्यार्थीहरूबीच असन्तुष्टि बढ्दै गएको छ भने जफत गरिएका सामग्री व्यवस्थापनबारे स्पष्ट र मानवीय नीति आवश्यक रहेको आवाज उठ्न थालेको छ।

# प्रधानमन्त्रीको अभिव्यक्ति विरुद्ध माइतीघरमा प्रदर्शन




दैनिक समाचारदाता

काठमाडौं, २३ जेठ। प्रधानमन्त्री वालेन्द्र शाहले संसदमा दिएको सीमा सम्बन्धी अभिव्यक्तिको विरोध गर्दै श्रम संस्कृति पार्टीले शनिबार काठमाडौंको माइतीघर मण्डलामा प्रदर्शन गरेको छ।

पार्टीले प्रधानमन्त्रीको भनाइ राष्ट्रिय हित र राष्ट्रिय स्वाभिमानविपरीत रहेको आरोप लगाउँदै खबरदारी सभासहित विरोध कार्यक्रम आयोजना गरेको हो।प्रदर्शनमा सहभागीहरूले प्रधानमन्त्रीले नेपाल-भारत सीमाका विषयमा दिएको अभिव्यक्ति तथ्यहीन र गैरजिम्मेवार भएको दाबी गर्दै उक्त वक्तव्य तत्काल फिर्ता लिन माग गरेका थिए।

उनीहरूले 'नेपाली माटोको रक्षा गरौं', 'राष्ट्रको सम्मान जोगाऔं' तथा 'गैरजिम्मेवार अभिव्यक्तिको विरोध गरौं' लगायतका नारासहित प्लेकार्ड प्रदर्शन गरेका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै श्रम संस्कृति पार्टीका सांसद आरेन राईले सीमासम्बन्धी विषय अत्यन्त संवेदनशील भएकाले जिम्मेवार पदमा रहेका व्यक्तिबाट आउने अभिव्यक्ति तथ्यमा आधारित र राष्ट्रिय हितअनुकूल हुनुपर्ने बताए।

उनले सीमा विवाद र सीमा अतिक्रमणका विषयलाई एउटै रूपमा व्याख्या गर्न नमिल्ने उल्लेख गर्दै प्रधानमन्त्रीको अभिव्यक्तिले भ्रम सिर्जना गरेको आरोप लगाए।

राईले विश्वका धेरै देशबीच सीमा सम्बन्धी विवाद हुन सक्ने भए पनि त्यसलाई राष्ट्रिय भूमि अतिक्रमणको विषयसँग जोडेर हेर्न नहुने धारणा राखे। उनले संसद र सार्वजनिक मञ्चमा आफ्नो पार्टीले उठाउँदै आएको राष्ट्रिय हितको मुद्दामा अडान कायम राख्ने पनि बताए।

श्रम संस्कृति पार्टीले सरकारलाई सीमा सम्बन्धी विषयमा धारणा सार्वजनिक गर्न तथा राष्ट्रिय स्वाभिमानसँग जोडिएका मुद्दामा जिम्मेवार बन्न आग्रह गरेको छ। प्रदर्शन शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो।

## मधेश.....

मन्त्रालय पुनर्संरचनाका लागि मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन गरिएको छ। कार्यदलको सदस्यमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकी सचिव पार्वती शर्मा र ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका सचिव होमनाथ पौडेल रहेका छन्।

कार्यदललाई हालको मन्त्रालय संरचना अध्ययन गरी आवश्यकताअनुसार घटाउने तथा पुनःसंरचनाको खाका तयार गर्ने जिम्मेवारी दिइएको छ। सोही प्रतिवेदनका आधारमा प्रदेश सरकारले अन्तिम निर्णय गर्ने जनाएको छ।

प्रदेश सरकार गठनपछि मन्त्रालय विस्तार गर्दै लगिएको विषयमा लामो समयदेखि प्रश्न उठ्दै आएको थियो। विशेषगरी सीमित स्रोतसाधन भएको प्रदेशमा मन्त्रालयको संख्या बढ्दा आर्थिक भार बढेको र नीति कार्यान्वयन कमजोर भएको आलोचना हुँदै आएको थियो।

## दलित.....

समितिलाई प्रदान गरिएका अधिकारहरूको प्रभावकारी कार्यान्वयनका लागि दलित समुदाय स्वयं पनि संगठित भएर अघि बढ्नुपर्ने धारणा राखिन्।

कार्यक्रममा इन्सेकका प्रदेश संयोजक राजु पासमानले संविधान तथा प्रचलित कानुनले सुनिश्चित गरेका दलित अधिकारबारे डिजिटल प्रस्तुतीकरण गरेका छन्। उनले मधेश प्रदेशमा अझै पनि छुवाछुत, जातीय विभेद तथा हिंसाका घटनाहरू विद्यमान रहेको उल्लेख गर्दै पीडितहरूको अवस्थाबारे तथ्यांकसहित जानकारी दिएका छन्।

त्यसैगरी, राष्ट्रिय दलित पत्रकार संघका प्रदेश अध्यक्ष कैलास दासले मधेश प्रदेशमा दलित समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी तथा भूमिहीनताको अवस्थाबारे डिजिटल प्रस्तुती प्रस्तुत गरेका छन्। उनले प्रदेशको कुल जनसंख्यामध्ये करिब १८ प्रतिशत दलित समुदाय भए पनि राजनीतिक प्रतिनिधित्व, स्रोत-साधनको पहुँच र संवैधानिक अधिकारको कार्यान्वयनमा अझै असमानता कायम रहेको बताएका छन्।

कार्यक्रममा सहभागीहरूले संविधानले सुनिश्चित गरेका अधिकारहरूको पूर्ण कार्यान्वयन, राजनीतिक सहभागिता र कानुनी संरक्षणको प्रत्याभूति हुनुपर्ने माग गरेका छन्। उनीहरूले दलित समुदायमाथि हुने विभेद र अधिकार हननका घटनाप्रति राज्य संवेदनशील नभए आगामी दिनमा आन्दोलनका कार्यक्रम अघि बढाउन बाध्य हुने चेतावनी समेत दिएका छन्।

कार्यक्रममा उठाइएका विषयहरूले दलित समुदायका लागि शिक्षा, स्वास्थ्य र रोजगारी महत्वपूर्ण भए पनि सामाजिक विभेद, छुवाछुत, हिंसा तथा राजनीतिक बहिष्करण अझै प्रमुख चुनौतीका रूपमा रहेको बताइएको छ।मधेश प्रदेशमा दलित विकास समिति गठन हुनु सकारात्मक कदम मानिए पनि यसको प्रभावकारिता अधिकारको प्रयोग, बजेट व्यवस्थापन र कार्यक्रम कार्यान्वयनमा निर्भर रहने देखिन्छ। सहभागीहरूको चेतावनीले संविधानमा सुनिश्चित अधिकार र व्यवहारिक कार्यान्वयनबीच अझै ठूलो दूरी रहेको संकेत गरेको छ। दलित समुदायको विश्वास जित्न राज्यले नीतिगत प्रतिबद्धताभन्दा अघि बढेर ठोस परिणाममुखी काम गर्नुपर्ने आवश्यकता कार्यक्रममा जोडदार रूपमा उठेको देखिन्छ।

## भिठ्ठामोड-.......

कब्जा गरिएका जग्गा खाली गराउने कार्य अघि बढाइएको स्थानीय प्रशासनले जनाएको छ। अभियानका क्रममा केही स्थानमा पसल, पर्खाल तथा अस्थायी संरचनाहरू हटाइएको छ।

वर्षौंदेखि सडक सीमाभित्र अतिक्रमण बढ्दै जाँदा सवारी आवागमनमा समस्या उत्पन्न हुनुका साथै दुर्घटनाको जोखिम समेत बढ्दै गएको थियो। विशेषगरी व्यापारिक क्षेत्र आसपास सडक साँघुरिँदा जाम र दुर्घटनाको सम्भावना उच्च बनेको स्थानीयवासी बताउँछन्। अभियानका क्रममा सुरक्षाकर्मी र स्थानीय प्रशासनको उपस्थितिमा अतिक्रमित संरचना हटाइएको हो। सम्बन्धित निकायले पटक पटक सूचना जारी गर्दा पनि अतिक्रमण नहटाइएकाले बाध्य भएर डोजर चलाउनुपरेको जनाइएको छ। स्थानीय प्रशासनले सडक विस्तार र व्यवस्थित यातायातका लागि अतिक्रमण हटाउने अभियानलाई निरन्तरता दिने जनाएको छ। साथै, भविष्यमा पुनः अतिक्रमण हुन नदिन कडा निगरानी राखिने समेत बताइएको छ।


## गर्मीबाट बचौं, स्वास्थ्य जोगाऔं !

अत्यधिक गर्मीमा सावधानी अपनाऔं

तातो मौसममा लापरवाहीले चक्कर आउने, बेहोस हुने, डिहाइड्रेसन, हीट एक्सहस्टन र हीट स्ट्रोकजस्ता समस्या हुन सक्छन्। विशेष गरी बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला र दीर्घरोगीहरू बढी जोखिममा हुन्छन्।

*प्रशस्त पानी पिउनुहोस्*

तिर्खा नलागे पनि पटक-पटक पानी, जुस, झोलिलो खाना वा ओआरएस सेवन गर्नुहोस्। अत्यधिक चिनी वा मदिरायुक्त पेयबाट टाढा रहनुहोस्।

*हल्का कपडा लगाउनुहोस्*

सूती तथा हल्का रङका कपडा, टोपी वा छाता प्रयोग गर्नुहोस्।

*घाममा कम निस्कनुहोस्*

विशेषगरी दिउँसो ११ बजेदेखि ४ बजेसम्मको कडा घामबाट जोगिनुहोस्। आवश्यक परे छायाँमा विश्राम लिनुहोस्।

*पौष्टिक र झोलिलो खाना खानुहोस्*

फलफूल, सागसब्जी, दही, जाउलो, सातुजस्ता हल्का तथा पोषिलो खाना उपयोगी हुन्छन्।

*घर र कार्यस्थल चिसो राख्नुहोस्*

झ्याल-ढोका खोलेर हावा चल्ने व्यवस्था गर्नुहोस्, पर्दा प्रयोग गर्नुहोस् र सम्भव भए पंखा वा कुलरको सुरक्षित प्रयोग गर्नुहोस्।

*यी लक्षण देखिए तुरुन्त सावधानी अपनाउनुहोस्*

अत्यधिक पसिना आउने, कमजोरी, चक्कर लाग्ने, टाउको दुख्ने, वाकवाकी लाग्ने, शरीर धेरै तातो हुने वा बेहोस हुने। यस्तो भए व्यक्तिलाई चिसो स्थानमा सार्नुहोस्, पानी पिलाउनुहोस् र आवश्यक परे स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस्।

*सावधानी अपनाऔं, गर्मीबाट सुरक्षित रहौं।*


स्वस्थ नागरिक, सुरक्षित समाज

**सबैला नगरपालिकाको कार्यालय**

धनुषा, मधेश प्रदेश



अब उत्कृष्ट भविष्यको रोजाई



# MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**

Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377

Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४